नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी क्षेत्रका लागि AML/CFT: कानूनी दायित्व र परिपालनाको अवस्था




## नमस्कार

✍ उमेश ढुङ्गाना, रजिष्ट्रार
[२०८२/०९/०३]

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग


# प्रस्तुतिकरणका मुख्य बिषयबस्तु

- AML/CFT: परिचय, प्रमुख अन्तराष्ट्रिय स्तरका संस्था/संरचना
- AML/CFT संग सम्वन्धित मुख्य मापन मानकहरु
- सम्पत्ति शुद्धिकरण निवारणमा नेपालको प्रयासका पछिल्लो स्थिति (नीतिगत र कार्यान्वयन अवस्था)
- सहकारी क्षेत्रमा जोखिम किन ?
- सहकारी क्षेत्रमा सम्पत्ति शुद्धिकरण निवारणसंग सम्वन्धित मुख्य बिषयबस्तुहरु
- FATF 'ग्रे लिष्टवाट वाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ (सहकारी क्षेत्र)
- सम्पत्ति शुद्धीकरण निवारणमा सहकारी क्षेत्रका सूचक संस्थाहरुले निर्वाह गर्नुपर्ने दायित्व
- सहकारी विभागको अग्रसरता

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय
सहकारी विभाग

# सम्पत्ति शुद्धिकरण निवारणको परिचय

- ❖ **AML/CFT भनेको के हो ?**
  - ✓ Anti-Money Laundering (AML): सम्पत्ति शुद्धिकरण रोकथाम
  - ✓ Countering the Financing of Terrorism (CFT): आतङ्कवादी वित्त पोषण नियन्त्रण
- ❖ **AML/CFT का प्रमुख उद्देश्य ?**
  - ✓ अवैध गतिविधि जस्तै: लागू औषध व्यापार, भ्रष्टाचार, मानव तस्करी, अवैध हतियार कारोबार आदिबाट आर्जित रकमलाई बैध अर्थतन्त्रमा प्रवेश हुन नदिने
  - ✓ आतङ्कवादी समूहका लागि रकम संकलन, ट्रान्सफर वा प्रयोग रोक्नु
  - ✓ वित्तीय प्रणालीमा पारदर्शिता कायम राख्नु
  - ✓ वैश्विक (Global) आर्थिक प्रणालीमा विश्वास बढाउनु



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# अन्तर्राष्ट्रिय स्तरका प्रमुख संस्था/संरचना

- **FATF (Financial Action Task Force):**
  - ✓ स्थापना: १९८९, OECD (Organization for Economic Co-operation and Development) को पहलमा
  - ✓ उद्देश्य: AML/CFT सम्बन्धी अन्तर्राष्ट्रिय मानक तय गर्ने, देशहरूको अनुपालन मूल्याङ्कन गर्ने
  - ✓ मुख्य उपकरण: FATF 40 Recommendations
  - ✓ प्रभाव: FATF "Grey List" वा "Black List" मा पर्नाले कुनै देशको अन्तर्राष्ट्रिय वित्तीय कारोबारमा नकारात्मक असर पर्छ।
- **Egmont Group:**
  - ✓ Financial Intelligence Units (FIUs) Network
  - ✓ Nepal सहित १६७ भन्दा बढी देशको को सञ्जाल
  - ✓ सूचना आदानप्रदान र अनुसन्धान सहयोगको अन्तर्राष्ट्रिय मञ्च
- **Treaties & Conventions:**
  - ✓ UN Convention against Transnational Organized Crime, 2000 (Palermo Convention)
  - ✓ UN Convention against Corruption(UNCAC) , 2003
  - ✓ International Convention for the Suppression of the Financing of Terrorism, 1999 (Vienna Convention)
  - ✓ Mutual Legal Assistance Treaty (MLAT)
  - ✓ Extradition Treaty
- **Asia/Pacific Group on Money Laundering (APG):**
  - ✓ Regional Body (Non-Political, Technical Body):-
    42 Members including Nepal
  - ✓ Associate Member of FATF
  - ✓ FATF द्वारा निर्धारित ML/CF विरुद्ध अन्तर्राष्ट्रिय रूपमा स्वीकृत मापदण्डहरूको प्रभावकारी कार्यान्वयन

सहकारी विभाग

# AML/CFT संग सम्वन्धित मुख्य मापन मानकहरु

- KYC (Know Your Customer): ग्राहकको पहिचान, ठेगाना, व्यवसाय, धनको स्रोत जाँच
- CDD (Customer Due Diligence): जोखिम स्तर अनुसार ग्राहकको विस्तृत मूल्याङ्कन
- STR/SAR (Suspicious Transaction/Activity Reporting): शंकास्पद कारोबार/क्रियाकलाप FIU मा रिपोर्टिङ
- TTR/CTR (Threshold/Cash Transaction Reporting): नगद कारोवारको सिमाको FIU मा रिपोर्टिङ
- Separate Account: व्यवसायिक र व्यक्तिगत कारोवारका लागि छुट्टाछुट्टै खाताको प्रयोग
- Record Keeping: वित्तीय कारोबार कम्तीमा ५–१० वर्षसम्म अभिलेख राख्ने
- Risk-Based Approach: उच्च जोखिम भएका क्षेत्र वा ग्राहकमा बढी निगरानी
- International Cooperation: सूचना आदानप्रदान, अनुसन्धान, प्रत्यर्पणमा सहयोग

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय
सहकारी विभाग

# AML/CFT मा नेपालको स्थिति

- ❖ The mutual evaluation report (MER- Sept. 2023) = Jurisdictions under Increased Monitoring /Grey List
- ❖ 1st Enhanced (Expedited) Follow-Up Report (FUR) - June 2024
- ❖ ३ वटा देश ब्याक लिष्टमा, नेपाल सहित २५ वटा देशहरु ग्रे लिष्टमा ।
- ❖ FATF Technical Compliance का ४० सूचक र Immediate Outcomes का ११ सूचकमा सम्वन्धित रहेर समय सिमासहितको Grey List बाट बाहिरिने कार्यक्रम कार्यान्वयन कार्ययोजना अनुसार काम भैरहेको ।
- ❖ नियामक, अनुसन्धानकारी, समन्वय निकायहरु र सूचक संस्थाहरुको भूमिका र दायित्व
- ❖ Technical Compliance का ४० सूचकमा राम्रो प्रगती भए पनि र Effectiveness का ११ सूचकमा राम्रो नतिजा दिन नसकिएको ।
- ❖ सहकारी क्षेत्रका १० वटा बुँदाहरु कार्ययोजनामा रहेको मध्ये Technical Compliance तर्फको प्रगती राम्रो देखिएको र Effectiveness तर्फ जोखिम वर्गीकरण गरी प्रभावकारी सुपरिवेक्षण र अनुपातिक, प्रभावकारी र निरुत्साहित दण्ड ब्यवस्था कार्यान्वयन गर्नुपर्ने ।

Technical Compliance Ratings:
- Compliant (C),
- Largely Compliant (LC),
- Partially Compliant (PC), and
- Non-Compliant (NC).

Effectiveness Ratings (Immediate Outcomes):
- Low,
- Moderate (Mod),
- Substantial or High

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# 1st Follow-Up Report (FUR) - June 2024 अनुसार नेपालले सुधारको लागि गर्नुपर्ने कार्य र क्षेत्रहरु

| सुधारको परिणाम (Immediate Outcome) | मूल्याङ्कन (Rating) | मुख्य सुधारको बुँदा (Focus Area) |
|---|---|---|
| IO.3 | Low | ML/TF जोखिमको बुझाइ र राष्ट्रिय समन्वय |
| IO.4 | Low | जोखिममा आधारित सुपरिवेक्षणको प्रभावकारिता |
| IO.5 | Low | कानूनी व्यक्तित्वको अन्तिम हितग्राही मालिक (Beneficial Ownership) सम्बन्धी पारदर्शिता |
| IO.8 | Low | सम्पत्ति शुद्धीकरण (ML) अनुसन्धान र अभियोजनको नतिजा |
| IO.9 | Low | आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी (TF) सम्बन्धी अनुसन्धान र अभियोजनको नतिजा |
| IO.10 | Low | आम विनाशकारी हतियारको प्रसार वित्तपोषण (Proliferation Financing) सम्बन्धी लक्षित वित्तीय प्रतिबन्धको कार्यान्वयन (TFS) |
| IO.11 | Low | अवैध वित्तीय प्रवाह नियन्त्रण र पर्याप्त कारबाही [Money or Value Transfer Services (MVTS)]:- Remittance Services, Hawala, Hundi, etc. |

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको प्रयासहरु

- वित्तीय पारदर्शिता बढाउने गरी र गैरकानूनी वित्तीय गतिविधि नियन्त्रण गर्ने गरी कानूनी र नियामन प्रणाली सुधार केन्द्रित ।
- सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावली, २०८१ ले मनी लाउन्ड्रिङलाई अपराधको रूपमा परिभाषित,
- सम्बद्ध कसूरहरुको सूचिकरण ।
- अपराधबाट आर्जित सम्पत्ति जफत गर्ने, संलग्न व्यक्तिलाई कारबाही र जरिवाना गर्ने प्रावधान ।
- वित्तिय जानकारी इकाई (FIU) स्थापना गरी goAML प्रणाली मार्फत शंकास्पद र सिमा कारोबार प्रतिवेदन संकलन, विश्लेषण र नियामक निकायमा पठाउने व्यवस्था ।
- मनी लाउन्ड्रिङ सम्बन्धी मुद्दाहरू शिघ्र निस्तारणका लागि विशेष अदालत ।
- तेस्रो राष्ट्रिय जोखिम मूल्यांकन (NRA) सम्पन्न भएको ।
- राष्ट्रिय रणनीति तथा कार्ययोजना (NSAP) (२०८१।०८२-२०८५।०८६) कार्यान्वयनमा रहेको ।
- कार्यान्वयन समन्वय संयन्त्रहरु(Coordination Mechanisms) : (१) गभर्नरको संयोजकत्वमा नियामक समन्वय संयन्त्र, (२) नायव महान्याधिवक्ताको संयोजकत्वमा अनुसन्धान समन्वय संयन्त्र, (३) गृह सचिवको संयोजकत्वमा आतंकवाद प्रतिरोध संयन्त्र र (४) कानून सचिवको संयोजकत्वमा कार्यान्वयन समन्वय तथा सहजिकरण समिति क्रियाशिल रहेको ।
- **'ग्रे लिष्टवाट वाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२** कार्ययोजना कार्यान्वयन निर्देशक समिति (Steering Committee) क्रियाशिल रहेको ।

सहकारी विभाग

# सहकारी क्षेत्रमा जोखिम किन ?

- बैंकिङ,
- सहकारी,
- बहुमूल्य धातुका व्यापारी,
- घर जग्गा एजेन्ट,
- क्यासिनो,
- रेमिटेन्स प्रदायक, आदि

- सूचक संस्थाका कानूनी दायित्व
- रकम स्थानान्तर: शेयर लगानी, बचत परिचालन, ऋण लगानी
- खरिद बिक्रीमा पारदर्शिता: व्यवसाय/ शेयर
- करजन्य आय
- अभिलेख प्रणाली (विद्युतिय सूचना प्रणाली/एकरुपता/प्रतिवेदन)
- स्वनियमन/नियमन
- वित्तीय कारोवार ठूलो र धैरै
- शेयर सदस्य: धैरै (विदेशमा रहेकासमेत)
- सहकारी सदस्य क्षमता विकास,सचेतना (५% शिक्षाको लागि लगानी गर्नुपर्ने)

- अनौपचारिक अर्थतन्त्रको अभ्यास
- नगदमा कारोबार
- हुण्डीको माध्यमवाट विदेशबाट रकम प्राप्त गरी शेयर, बचत र कर्जाका नाममा रुपान्तरण
- अपराधबाट आर्जित रकमलाई सहकारीमा प्रवेश हुनसक्ने जोखिम
- अपूर्ण KYM/NIN आबद्धता: सदस्य पहिचान, विस्तृत पहिचान, वास्तविक लाभग्राही पहिचान र त्यसको सम्पुष्टी
- डिजिटल कारोवारको कमीले निगरानीमा कठिनाई, आदि ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी नियामकको लागि कार्यादेश

**(‘ग्रे लिष्टवाट वाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ कार्ययोजना अनुसार)**

१) नियमन सुपरिवेक्षणको निकायगत क्षेत्राधिकार, दायरा र सीमा सहितको जानकारीपत्र जारी गर्ने

२) सुपरिवेक्षणको क्षमता अभिवृद्धि गर्न कार्य योजना र सो को कार्यान्वयन

३) NIN को आधारमा सदस्य पहिचान र सम्पुष्टी, उच्च पदस्थ व्यक्ति, वास्तविक धनी, कारोबार अनुगमन, शंकास्पद कारोवार पहिचान, लक्षित वित्तीय कारवाही, सूचक संस्थाको संस्थागत जोखिम मूल्याङ्कनको समीक्षा, विद्युतीय माध्यमबाट नियमनकारी प्रतिवेदन लगायत विषय समेटी निर्देशन जारी गर्ने

४) जोखिमको आधारमा स्थलगत निरीक्षण र गैरस्थलगत सुपरिवेक्षण कार्ययोजना र सुपरिवेक्षण दिग्दर्शन निर्माण गरी कार्यान्वयन गर्ने

५) गैरस्थलगत प्रतिवेदनको मूल्यांकनको आधारमा स्वतः स्थलगत निरीक्षण हुने नीतिगत व्यवस्था मिलाउने

६) सूचक संस्था र पदाधिकारी/कर्मचारीलाई कैफियत, जोखिम र जिम्मेवारीका आधारमा ऐनले तोकेको अधिकतम हदको जरिवाना समेत प्रयोगमा आउने गरी अनुपातिक, प्रभावकारी र निरुत्साहनमुखी कारवाही गर्ने

७) वास्तविक धनी पहिचान मापदण्ड बनाई विवरण यथार्थ समयमा तत्काल अभिलेख गर्ने व्यवस्था गर्ने

८) ईजाजतपत्र प्रदान गर्दा र अद्यावधिक गर्दा नेपाल प्रहरीमा रहेको अपराध सूचना अभिलेखालयमा रहेको सूचनामा पहुंच कायम गरी सम्बन्धित व्यक्ति वा पदाधिकारीको Fit & Proper Test गर्ने


९) आर्थिक वर्ष २०८२/८३ मा पूँजी, कारोवार र सलग्नता कारणले उच्च जोखिम क्षेत्रमा रहेका सूचक संस्थाको नियमन र निरीक्षण विशेष व्यवस्था मिलाउने

१०) सहकारी क्षेत्रको राष्ट्रिय जोखिम मुल्याङ्कन प्रतिवेदन तयार गर्ने र नियमित अद्यावधिक गर्ने ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# AML/CFT कार्यादेश समेतको आधारमा विभागवाट जारी निर्देशनहरु

**सहकारी संस्थाहरूमा हुने वित्तीय कारोबारको स्वच्छता एवं पारदर्शिता कायम गर्दै सहकारी वित्तीय प्रणालीलाई संरक्षण गर्न जारी गरिएका निर्देशनहरु**




१) सहकारी संस्थामा सुशासन प्रबर्धनका लागि एकिकृत निर्देशन (१०२ बुँदे),२०८२

२) सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन ,२०७४ (पाँचौ संशोधन, २०८२)

३) सहकारी संस्थाको लागि लक्षित वित्तिय प्रतिवन्ध (TFS) निर्देशन,२०८२

४) सहकारी संस्थाहरुको स्थलगत तथा गैर स्थलगत सुपरिवेक्षण मार्गदर्शन, २०८२

५) सहकारीको नियमन, सुपरिवेक्षणको निकायगत क्षेत्राधिकार, दायरा र सिमासहितको जानकारी पत्र, २०८२

६) साधारण सभा सञ्चालन सम्वन्धमा सहकारी संस्थाहरुको लागि जारी निर्देशन, २०८२

७) व्यवसायिक कारोवार व्यक्तिगत खातावाट नगर्ने नगराउने सम्वन्धी निर्देशन, २०८२

८) विनियम स्वीकृति र संशोधन सम्वन्धी सहकारी संस्थाहरुलाई मार्गदर्शन, २०८२

९) जोखिमका आधारमा वर्गीकरण गरी स्थलगत र गैर स्थलगत सुपरिवेक्षण गर्ने प्रयोजनका लागि करिव ४१०० सहकारी संस्थाको विवरण अद्याबधिक भैसकेको र हुने क्रम जारी रहेको

१०) दोहोरो सञ्चालक बस्न नपाउने सम्वन्धी निर्देशन, २०८२

# सहकारी क्षेत्रका सूचक संस्थाले अनिवार्य पालना गर्नुपर्ने दायित्व

- सदस्य पहिचान तथा सम्पुष्टि सम्बन्धी प्रणाली विकास गर्ने (सदस्य पहिचान, जोखिमको आधारमा सदस्यको बृहत् पहिचान, उच्च पदस्थ व्यक्तिको पहिचान): Updated KYM, Enhanced Due Diligence, NIN मा आवद्धता
- वास्तविक धनी पहिचान मापदण्ड बमोजिम यथार्थ समयमा विवरण अभिलेख गर्ने र निजहरूको कारोबार अनुगमन गर्ने
- राष्ट्रिय तथा क्षेत्रगत, सदस्य सम्बद्ध विवरण तथा तथ्यहरु समेतको आधारमा जोखिम व्यवस्थापनका लागि आवश्यक नीतिगत, कार्यविधिगत तथा नियन्त्रणात्मक व्यवस्था मिलाउने
- वित्तीय जानकारी इकाई (FIU) ले जारी गरेको मार्गदर्शनहरुको परिपालना: STR/SAR Guidelines', 'goAML Operational Guidelines’, TTR/CTR प्रतिवेदन
- आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागू गर्ने

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी क्षेत्रका सूचक संस्थाले अनिवार्य पालना गर्नुपर्ने दायित्व

- कार्यान्वयन अधिकारी तोक्नुपर्ने
- सञ्चालक समिति, संस्थाको प्रमुख कार्यकारी अधिकृत, कार्यान्वयन अधिकारी लगायतको स्पष्ट जिम्मेवारी तोकि कार्य बाँडफाँड गर्ने
- goAML & COPOMIS मा अनिवार्य आबद्ध भई नियमित प्रतिवेदन गर्ने
- अभिलेखको व्यवस्थापन चूस्त एवं दुरुस्त राख्ने
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विवरण अनुसूची ३ को ढाँचामा प्रत्येक वर्ष श्रावण मसान्तभित्र पेश गर्ने (Google Sheet, E-mail वा अन्य माध्यमबाट)
- AML/CFT जोखिमको पहिचान एवम् विश्लेषण गरी मूल्यांकन गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र विभागमा बार्षिक प्रतिवेदन पेश गर्नुपर्ने (सदस्य, सेवा, भौगोलिक क्षेत्र तथा सेवा प्रवाह गर्ने माध्यम आदि) ।
- सूचीकृत परिपालना परीक्षकबाट सम्परीक्षण गराई  प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र ऐनको दफा ३५ङ. मा समावेश भएका विषयहरु समेटी परिपालना प्रतिवेदन विभाग समक्ष पेश गर्ने ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# बास्तविक धनि पहिचानका आधारहरु

१) "वास्तविक धनी" भन्नाले ग्राहक, कारोबार, सम्पत्ति, कानूनी व्यक्ती वा कानूनी प्रबन्ध उपर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व हुन, नियन्त्रण राख्न, निर्देशन दिन वा प्रभाव पर्न सक्ने अन्तिम हिताधिकारी वा धनीको रुपमा रहेको प्राकृतिक व्यक्ति सम्झनु पर्छ ।

२) वास्तविक धनीको पहिचान:

- ❖ सदस्यले पेस गरेको विवरण, कारोबार र निजको हैसियत मिल्छ, मिल्दैन ?
- ❖ सदस्यको काम कारोबारउपर अन्य कुनै व्यक्तिको कुनै किसिमको प्रभाव वा स्वार्थ हुन सक्ने अवस्था छ, छैन ?
- ❖ सदस्यको पुख्यौली तथा वर्तमान आर्थिक अवस्था स्वाभाविक देखिन्छ, देखिँदैन ?
- ❖ सदस्य र निजसँग सम्बद्ध व्यक्तिको बारेमा सार्वजनिक रूपमा उपलब्ध सूचनासँगको तादात्म्य छ, छैन ?
- ❖ संस्थाले तय गरेका अन्य उपाय ।

3) सदस्यलाई उच्च जोखिम स्तरमा राखी बृहत् पहिचान गर्नुपर्ने:

- ❖ विद्युतीय माध्यमबाट कारोबार गर्ने सदस्य,
- ❖ भ्रष्टाचार, कर छलीलगायत अन्य आपराधिक कार्यका दृष्टिले उच्च जोखिममा रहेको सदस्य,
- ❖ उच्च आर्थिक कारोबार गर्ने (वार्षिक रु ३० लाख भन्दा बढी बचत गरेको वा सेयर खरिद गरेको वा ऋण लिएको) सदस्य,
- ❖ आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठूलो वा अस्वभाविक प्रकृतिको कारोबार गर्ने सदस्य तथा उच्च पदस्थ व्यक्ति र त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा निजसँग सम्बद्ध व्यक्ति वा सदस्य।
- ❖ संस्थाले बृहत् पहिचान गर्न आवश्यक देखेको अन्य सदस्य ।

सहकारी विभाग

# सदस्य जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा लिनुपर्ने आधारहरु

- राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन,
- ऐनमा उल्लिखित विषयमा अन्तर्राष्ट्रिय रूपमा भएको अध्ययन तथा अनुसन्धान प्रतिवेदन,
- सदस्य तथा सम्बद्ध व्यक्तिको आर्थिक अवस्था तथा पृष्ठभूमि,
- पदीय वा अन्य प्रभाव वा स्थिति वा अन्य स्वामित्वको अवस्था,
- पेस भएका विवरण, प्रयोग गर्न चाहेको वा गरेको उत्पादन वा सेवा, वितरण माध्यम तथा कारोबारहरूको स्वाभाविकता, विश्वसनीयता र तादात्म्य,
- सदस्यको आर्थिक वा अन्य अवस्थामा आएको परिवर्तन,
- सदस्य रहेको वा सदस्यको काम कारोबार भएको स्थानको विशेषता,
- संस्थाले उपयुक्त देखेका अन्य आधार ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सूचक संस्थाले बार्षिक प्रतिवेदनमा अनिवार्य समेटनु पर्ने बिषयहरु

- ❖ शुद्दीकरण निवारण सम्वन्धी कार्यविधि वनाए/नवनाएको,
- ❖ वनाएकोमा सो कार्यविधिमा परिमार्जन गरे/नगरेको,
- ❖ जोखिम विश्लेषण गरिएको/नगरिएको,
- ❖ गरिएको भए सो आधारमा वर्गीकरण गरिएको सदस्यहरुको संख्या,
- ❖ वित्तीय जानकारी इकाइको गोएमएल सिस्टममा आवद्द भए/नभएको,
- ❖ आवद्द भएको भए गोएमएल सिस्टममा पठाइएको प्रतिवेदनको संख्या,
- ❖ कार्यान्वयन अधिकारीको नाम र सम्पर्क नंवर,
- ❖ सहकारी संस्थाको जम्मा सदस्य संख्या र सदस्य पहिचान तथा सम्पुष्टि गरिएका सदस्य संख्या
- ❖ संस्थाले गरेका अन्य काम कारवाही

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# जिज्ञासा ???

